# छत्रदेव गाउँपालिकाको गाउँ सभाको बैठकमा उपाध्यक्ष श्री तुल्सी देवी श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७६/०७७ को छत्रदेव गाउँपालिकाको बजेट वक्तव्य

छत्रदेव गाउँपालिका

## छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची,

५ नं. प्रदेश नेपाल

१० असार २०७६

**सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यहरु,**
**र उपस्थित महानुभावहरु,**

गाउँपालिकाको निमन्त्रणालाई स्वीकार गरी यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई छत्रदेव गाउँपालिका र मेरो ब्यक्तिगत तर्फवाट हार्दिक स्वागत गर्न चाहन्छु साथै उपाध्यक्षको हैसियतले आ.व. ०७६।०७७ को बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेकी छु ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवं साँस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न एवं आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्न र अग्रगामी परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान, २०७२ जारी भई तीन तहका सरकारहरुको व्यवस्था भएको र छत्रदेव गाउँपालिकाको स्थानीय सरकारको हामीले नेतृत्व सम्हालेको दुई वर्ष पुरा भएको छ । **"समृद्ध नेपाल, सुखी नेपाली"** को अवधारणालाई पुरा गर्न योजनाहरु पहिचान एवं छनौट गर्दा नेपालको संविधान, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालयहरुबाट प्राप्त निर्देशन, आवधिक योजना, जिल्ला यातायात गुरु योजना, विभिन्न नीति, निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्य योजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूची अनुरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित प्रक्रिया अवलम्वन गरी यस गाउँपालिका भित्र समेत उपलब्ध श्रोत, साधन र क्षमता अनुसार वस्ती स्तरबाट छनौट तथा प्राथमिकीकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेकी छु ।

चालु आ.व. २०७५/७६ को बजेट सफतलापूर्वक कार्यान्वयन गरी छत्रदेववासी जनताको जीवनस्तरमा परिवर्तन तर्फ उन्मुख भएको महशुस गरेकी छु । आ.व. २०७६/०७७ को बजेट मार्फत छत्रदेववासी जनताको जीवनमा खुसी र सुखको आभाष दिलाउन, स्थानीय सरकार आफ्ना नागरिकको अभिभावक हो, सहारा हो भन्ने कुराको महशुस गराउन सफल हुने विश्वास लिएकी छु ।

**सभाध्यक्ष महोदय,**

छत्रमहाराजको पूण्यभूमी, छत्रदेववासी जनताको भाग्य र भविष्यको निर्धारण गर्न निर्वाचित हामी जनप्रतिनिधि माझ थुप्रै अवसर र चुनौतीहरु कायमै छन् । विद्यमान चुनौतीका बाबजुद छत्रदेव गाउँपालिकालाई सवल, सक्षम र समृद्ध गाउँपालिका बनाउने हाम्रो प्रयासमा आम नागरिकदेखि संघीय सरकार र प्रदेश सरकारको पनि साथ रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, कानून तथा मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शनका आधारमा सहभागितामूलक र साझेदारीताको माध्यमबाट स्थानीय जनताका आफ्नै जनजीविकाका सवालका समस्याहरु समाधान गर्न बजेट तथा कार्यक्रम तर्जुमा गरेकी छु ।

छत्रदेव गाउँपालिकाले **"छत्रदेवको शान, सुन्दर शान्त र समृद्ध गाउँपालिका हाम्रो अभियान"** भन्ने नारा लिई दीगो विकासको लक्ष्य हासिल गर्ने योजना सहित **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्यलाई पुरा गर्ने बाटोमा अगाडी बढी रहेको छ । सोही बाटोमा प्रस्तुत आ.व. २०७६/०७७ को बजेट निर्देशित छ भन्ने कुरामा मेरो विश्वास छ ।

अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय सरकारहरु मध्येको छत्रदेव गाउँपालिका भौगोलिक रुपमा उपयुक्त बासस्थान भएको र अति सुन्दर भूमी रहेको जिल्लाको पूर्वी सिमानामा रहेको छ । विभिन्न अवसरहरुको सम्भावना भएता पनि कतिपय चुनौतीहरुको समेत सामना गर्नु परिरहेको छ । जातीय विविधता, सामाजिक,

साँस्कृतिक ऐक्यबद्धता, पर्यटकीय सम्भावना, सामाजिक परिचालनका गतिविधिहरुमा बढोत्तरी भएको स्थानको रुपमा यस गा.पा.ले आफ्नो पहिचान बनाएको छ । विभिन्न गैर सरकारी संघ-संस्था, नागरिक समाज, स्थानीय समुदायहरु समेतले विकासमा सक्रियता पूर्वक सहकार्य र सहयोग गरिरहेको अवस्था छ । यहाँ रहेका विभिन्न राजनैतिक दलहरु, जिल्लाबाट व्यवस्थापिका संसद र प्रदेश माननीय सांसदज्यूहरु, माननीय मन्त्रीज्यूहरु लगायत समस्त वासिन्दाको विकास कार्यमा हुने ऐक्यबद्धताले हामीलाई परिणाम निकाल्न हौसला मिलेको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।

५ नं. प्रदेशमा पर्ने १२ जिल्लाहरु मध्ये अर्घाखाँची जिल्ला लुम्बिनीको पहाडी जिल्ला, त्यसमा पर्ने छत्रदेव गाउँपालिका आफैमा भौगोलिक रुपमा प्रशस्त सम्भावना बोकेको यस गा.पा.लाई देशकै एक नमूना गाउँपालिकाको रुपमा विकास गर्ने अभियानमा हामी जुटेको अवस्थामा सबै पक्षहरुको सहयोगको आवश्यकता छ । यसको लागि विकास प्रक्रियालाई तिब्रता दिन विकासका सबै आयामहरु समेटी जनताको जीवनस्तर सुधार गर्ने र गरिवी निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टड्कारो रुपमा देखिएको छ ।

गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनहरुलाई एकिकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक/आर्थिक दृष्टिकोणवाट पिछडिएको वर्ग र समूदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट विकास निर्माण कार्य अगाडि बढाउन हामी प्रतिबद्ध छौं । विकास प्रक्रिया जनमूखी, पारदर्शी, समतामूलक, सहभागितामूलक, दीगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हुँदाहुँदै पनि आन्तरिक श्रोतको न्युन परिचालन हुनु, खेती योग्य जमिनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, गैर सरकारी संघ-संस्थाका कार्यक्रमहरुलाई आवधिक योजनासँग तालमेल मिलाउँदै कार्यान्वयन गर्न नसक्नु, योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामुखी र वस्तुपरक हुन नसक्नु, समुदाय र वडावाट माग गरिने योजना अत्यधिक हुनु, उपभोक्ता समितिलाई यथार्थ परक ढंगले परिचालन गर्न नसक्नु, जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनु, गुणस्तरीय शिक्षा तथा सञ्चारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु, तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु, स्थानीय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु जस्ता समस्या एवं चुनौतीहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**उपस्थित महानुभावहरु,**

अव म गाउँपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

**१.** हामी निर्वाचन भएर आए पछिको पहिलो आ.व. २०७४/०७५ को वार्षिक कार्यक्रम आउने समय ज्यादै छोटो र अनुभव बिहिन थियो । भर्खर निर्वाचन भएर हामी पद वहाली गरेको समय भएकोले हतार हतारमा वार्षिक कार्यक्रम र बजेट प्रस्तुत गर्दै गर्दा कतिपय कमी कमजोरी भएको हामीले महशुस गरेकै हो ।

**२.** चालु आ.व. २०७५/०७६ को बजेट र कार्यक्रम प्रस्तुत भई कार्यान्वयनको अन्तिम चरणमा आईपुग्दा हाम्रो आत्मविश्वास बढेको छ । कारण, शासन सञ्चालनका धेरै पूर्वाधारहरु निर्माण गर्न हामी सफल भएका छौं ।

**३**. चालु आ.व.मा छनौट भई सञ्चालित योजनाहरु कार्यान्वयनको चरणमा रहेका र उक्त योजना/कार्यक्रमहरु पूर्ण हुँदा गाउँपालिकाको समग्र विकासमा उल्लेख्य प्रगति भएको महशुस हुने छ ।

**४.** आर्थिक एवं भौतिक प्रगतिको अवस्था देखिने गरी अनुसूचीमा व्यवस्थित गरिएको र राजश्व असुली अनुमान भन्दा **१६.८५** प्रतिशतले बृद्धि भई उलेख्य प्रगति भएको अवस्था छ ।

५. गत आ.व.मा खरका छाना मुक्त गाउँपालिका बनाउने अभियान अन्तर्गत जस्ता पाता खरिद गरी छत्रदेव गाउँपालिकालाई खरका छानामुक्त छत्रदेव बनाई सकिएको छ ।

६. चालु आ.व.मा काठका पोलमुक्त छत्रदेव गाउँपालिका बनाउने हाम्रो अभियान सफलता तर्फ उन्मूख छ, निकट भविष्यमा छत्रदेव गाउँपालिकालाई काठे पोलमुक्त बनाइने छ ।

७. पहिलो वर्षमै छत्रदेव गाउँपालिकाको नाममा जग्गा प्राप्त गरी गाउँ कार्यपालिकाको लागि ट्रष्ट भवन निर्माण कार्य सम्पन्न भई चालु आ.व.मा यसै भवनबाट सोही ट्रष्टमा कार्यालय निर्माण गरी सेवा प्रवाह शुरु गरेका छौं ।

८. रातापोखरामा क्रिकेट मैदान, बहुउद्देश्यीय सभाहल, छत्र देवालयमा सिंढि र रेलिङ्ग निर्माण, दुई ठूला खानेपानी योजनाहरु (माथिल्लो टिकुरी र अर्घातोष ४ र ५) दुई वटा वडा भवनहरु (वडा नं ५ र ६) लगायतका गर्व गर्न लायक योजनाहरु सम्पन्नको चरणमा रहेका छन् ।

९. विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तालिमको सञ्चालन तथा शैक्षिक सामग्रीको वितरण कार्य सम्पन्न भएको छ । विभिन्न किसिमका नेतृत्व विकास तथा सीपमुलक तालिमको सञ्चालन गरी सम्पन्न भएका छन् ।

१०. चालु आ.व.मा संशोधित पूँजीगततर्फ रु १३ करोड ४८ लाख ९७ हजार ३ सय ३४ विनियोजन भएकोमा आषाढ मसान्तसम्म ९२.५ प्रतिशत अर्थात रु १२ करोड ४७ लाख ८० हजार ३३ रुपैया मात्र खर्च हुने अनुमान गरेकी छु,

११. चालु आर्थिक वर्षमा चालु तर्फ संशोधित **रु. २७ करोड ९० लाख, ७ हजार, १ सय २० रुपैया** विनियोजन भएकोमा उक्त अवधिमा **९३ प्रतिशत अर्थात रु. २५ करोड ९४ लाख ७६ हजार ६ सय २१ रुपैयाँ** खर्च हुने अनुमान छ ।

१२. सशर्त बाहेक विभिन्न शिर्षक अन्तर्गत पूँजीगत र चालु विभिन्न कोषहरुमा आ.व.को अन्त्यमा खर्च हुन नसकेको रकम आगामी आ.व.को श्रावण महिनामा विशेष गाउँ सभा गरी योजना बैंक (Project Bank)मा रहेका उपयुक्त योजनाहरुमा खर्च गरिने व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु,

**सभाध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

(क) उपलब्ध श्रोत/साधनहरुको आधारमा विकासका सबै आयामहरु समेट्ने गरी योजना छनौट एवं बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने,

(ख) छनौट भएका योजना/कार्यक्रमहरुको कार्यान्वयन संयन्त्र निर्माण र अनुगमन/मूल्याङकनलाई प्रभावकारी बनाउने,

(ग) जनतामा उद्यमशिलताको विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाँउदै जनताको जीवनस्तर, आम्दानी र अवसरहरुको सिर्जना गर्ने,

**बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

(क) कृषि व्यवसाय र पशुपालनमा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी जनतामा आय आर्जनका अवसरहरु सिर्जना गर्ने,

(ख) विकास र वातावरणमा तादम्यता कायम गर्दै आधुनिक भौतिक संरचनाहरु निर्माण गरी समृद्ध छत्रदेवको रुपमा विकास गर्ने,

(ग) सार्वजनिक, निजि र सहकारी क्षेत्रको संयुक्त प्रयासमा आर्थिक/सामाजिक विकास गर्ने,

(घ) समयको माग अनुरुप पारदर्शी र प्रभावकारी सेवा प्रवाह गरी चुस्त दुरुस्त, सार्वजनिक प्रशासनको प्रत्याभूति गराउने,

(ङ) बिबिधता व्यवस्थापन सहित विकासमा मूल प्रवाहीकरणको प्रवर्द्धधन गर्ने,

(च) विपद् व्यवस्थापनलाई प्राथमिकता दिंदै विपद् र तनावबाट छत्रदेववासीलाई मुक्त गर्ने बाटोमा अगाडि बढ्ने,

(छ) सामाजिक परिचालन मार्फत जनताको जीवनस्तर माथि उठाउने क्षेत्रहरुको पहिचान गर्ने र सामाजिक/साँस्कृतिक ऐक्यबद्धता कायम गर्दै ज्ञानमा आधारित समाज (Knowledge Based Society) निर्माणमा पहल गर्ने,

**सभाध्यक्ष महोदय,**

अव, म आगामी आ.व. २०७६/७७ को बजेट र कार्यक्रम तर्जुमा गर्दा लिएका मुख्य मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु । आ.व. २०७६/७७ को गाउँपालिकाको योजना, बजेट र कार्यक्रम निर्माण गर्दा नेपालको संविधानले परिलक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरु, चौंधौ आवधिक योजनाका नीति, पन्धौं योजनाको आधारपत्र, रणनीति र प्राथमिकताहरु, संघीय र प्रदेश सरकारका नीति, कार्यक्रम र बजेट, स्थानीय सरकार सञ्चालन ऐन, छत्रदेव गाउँपालिकाको वार्षिक नीति, कानून तथा निर्णयहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय तथा अन्य मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस छत्रदेव गाउँपालिकाको वास्तविक आवश्यकतालाई मुख्य आधार बनाएकी छु ।

**छत्रदेव गाउँपालिकाले आ.व. ०७६/७७ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :**

- नेपालको संविधान, २०७२,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- छत्रदेव गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय शासन संचालनका सिद्धान्त एवं प्रावधानहरु,
- विकासका समयामयिक मुद्दाहरु जस्तैः सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु ।
- छत्रदेव गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**अब म वार्षिक योजना/कार्यक्रम छनौट गर्दा लिईएका आधारहरु प्रश्तुत गर्न अनुमती चाहन्छु,**

- आर्थिक विकास र गरिवी निवारणमा योगदान पुऱ्याउने,
- कृषिको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण,
- उत्पादन मूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढीमा तीन वर्ष भित्र सम्पन्न हुने आयोजनाहरु) ।
- राजश्व परिचालनमा योगदान पुऱ्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने,

- दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद् व्यवस्थापन गर्न सक्षम बनाउने साथै जलवायु परिवर्तन अनुकुलका कार्यहरु गर्ने,
- स्थानीय समुदायलाई प्रविधि मैत्री बनाउन आवश्यक प्रविधि विकास गर्ने,
- पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन गर्ने,
- स्थान विशेषको संस्कृती र पहिचान प्रर्वद्धन गर्ने र स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु,

**सभाध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अव म आ.व. ०७६/०७७ को संक्षिप्त आय विवरण तथा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु :

यस आर्थिक वर्षमा आय तर्फ संघीय सरकार अर्थ मन्त्रालयवाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत **रु. ९ करोड ८५ लाख**, संघीय सशर्त अनुदान तर्फ **रु. १८ करोड ७३ लाख**, संघीय राजश्व बाँडफाँड अन्तर्गत **रु. ७ करोड ४५ लाख**, आ.व. २०७६/७७ को आन्तरिक राजश्व आय प्रक्षेपण **रु ४४ लाख २२ हजार ८ सय ७१**, प्रदेश वित्तीय समानीकरण **रु ४३ लाख ३८ हजार**, प्रदेश राजश्व बाँडफाँड **रु ६० लाख ७७ हजार**, प्रदेश विशेष अनुदान (मूख्यमन्त्री ग्रामिण विकास कार्यक्रम) रु. **५२ लाख**, प्रदेश सशर्त रु. **९० लाख**, वन क्षेत्रको रोयल्टी बाँडफाँड **रु. २ लाख ८६ हजार ९५५,** सामाजिक सुरक्षा भत्ता **रु. ९ करोड ३० लाख**, गरिवसंग विश्वेश्वर कार्यक्रम (पुँजि र चालु) **रु. ३ लाख ९३ हजार**, समपुरक अनुदान (प्राप्त हुने प्रतिबद्धता) **रु. १ करोड ५० लाख**, गरी **रु. ४९ करोड, ८० लाख, १७ हजार, ८२६ (अक्षेरुपी उनान्चास करोड, असी लाख, सत्र हजार आठ सय छब्बिस मात्र) अनुमान गरेकी छु ।**

त्यसै गरी व्यय तर्फ संघीय सशर्त १८ करोड ७३ लाख, सामान्य प्रशासन सञ्चालन खर्च तर्फको ५ करोड २२ लाख ८० हजार, सामाजिक सुरक्षा तर्फको ९ करोड ३० लाख) गरी **चालु खर्चतर्फ रु. ३३ करोड २५ लाख ८० हजार र पुँजिगत खर्च रु. १६ करोड ५४ लाख ३७ हजार ८ सय २६ रुपैयाँ गरी जम्मा व्यय रु. ४९ करोड ८० लाख १७ हजार ८ सय २६ रुपैयाँ हुने अनुमान गरेकी छु ।**

- संघीय सरकार तथा प्रदेश सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ सशर्त अनुदानको रुपमा प्राप्त रु. १८ करोड ७३ लाख रुपैयाँ जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो तर्फ कुनै आयोजना र कार्यक्रम बनाइरहनु परेन,
- संघीय तथा प्रदेश सरकारद्वारा प्राप्त भएको वित्तीय समानीकरण अनुदान, राजश्व वाँडफाँडको रकम र आन्तरिक आय र वन क्षेत्रको रोयल्टी माथि उल्लेखित आय विवरणमा संलग्न रकम गरी कुल हुन आउने रु. १८ करोड ८१ लाख २४ हजार ८ सय २६ रुपैयाँको मात्र कार्यक्रम बनाउनु पर्ने भएकोमा यस गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको लागि चालु तर्फ (संघीय सशर्त र सामाजिक सुरक्षा समेत) जम्मा रु. ३३ करोड २५ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छु । **जुन कूल आय रकमको ६६.७९ प्रतिशत हुन आउँछ** भने पुँजिगत तर्फ (विकास, आयोजना, कार्यक्रम)का लागि रु. १६ करोड ५४ लाख ३७ हजार ८ सय २६ रुपैयाँ विनियोजन गरेको छु । जुन कुल आयको **३३.२२ प्रतिशत हुन आउँछ ।**
- यसरी पुँजीगत तर्फ छुट्टयाइएको रु. १६ करोड ५४ लाख ३७ हजार ८ सय २६ रुपैयाँ मध्ये गाउँपालिका भर कार्यान्वयन हुने योजना र वडागत सिलिङ्गको आधारमा ८ वटा वडा समितिको कार्यालयबाट बस्ती स्तर हुँदै सहभागितामुलक तवरले सात वटा बजेट तर्जुमाका चरणहरु पूरा गरी ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तर्गत रु. १६ करोड ५४ लाख ३७ हजार ८ सय २६ रुपैयाँका विभिन्न विषय क्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु । कार्यान्वयनको हिसाबले

सहजता होस भन्ने ध्येयले आर्थिक विकास, सामाजिक विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन लगायतका शीर्षकहरुमा छुट्टयाईएको पूँजीगत खर्च गाउँपालिका स्तर र वडाबाटै सिफारिस भई आएका कार्यक्रममा एकीकृत रुपमा समावेश गरिएकोले वास्तविक वडागत विषयगत बजेट भिन्दा-भिन्दै देखिने गरी अनुसूचीहरुमा व्यवस्थित भएको जानकारी गराउँदछु ।

**सभाध्यक्ष महोदय,**

अब म देहाय बमोजिम गाउँपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरुलाई वर्गीकरण गरिएको वजेट व्यवस्थाका सम्बन्धमा जानकारी गराउँदछु ।

**आर्थिक क्षेत्र**

- निर्वाहमुखी कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण गरी यसमा आश्रित जनशक्तिको आर्थिक उपार्जनमा बृद्धि गरी आत्मनिर्भर कृषक बनाउनका लागि हाम्रो प्रयास जारी रहनेछ । छत्रदेवको जमिन जथाभावी खण्डीकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ । कृषिमा उत्पादन र उत्पादकत्व बढाउनको लागि उन्नत जातका विऊको प्रयोग, सिंचाइ सुविधाको विस्तार, माटो सुहाउँदो खेती प्रणाली, हाते ट्याक्टर आदिको व्यवस्था गरेकी छु ।
- बिगतमा भन्ने गरिएको **"उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी"** भन्ने भनाईमा परिवर्तन आई आजका दिनहरुमा **"उत्तम व्यापार, मध्यम नोकरी, निम्न कृषि"** भन्ने कुरा चरितार्थ भएको छ । नेपाल कृषिको लागि उत्तम भूमि हो । त्यसमा पनि छत्रदेवको भूगोल कृषिको लागि अति उत्तम छ भन्ने हाम्रो ठम्याई छ । सो अनुरुप **"उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी"** भन्ने साबिककै भनाईसँग सहमत हुँदै सो अनुरुप हाम्रा कृषि गतिबिधिहरु सञ्चालन गर्न बजेट केन्द्रित गरिएको छ ।
- आधुनिक सुविधा सम्पन्न स्वचालित हरित गृहको स्थापनामा जोड दिईने छ ।
- गाउँपालिकामा उत्पादित सामानहरुको बिक्रि बितरणमा सहजता ल्याउन कोशेली घर एवं हाटबजारको व्यवस्थालाई उद्यमशिलता विकास अन्तर्गत कार्यक्रम सञ्चालन गरिने छ ।
- तुलनात्मक लाभका वस्तुहरु पहिचान र व्यवसायीकरणमा जोड दिन र स्थानीय उत्पादनवाट लघु उद्यम सञ्चालन गर्न विशेष प्राथमिकता दिईने छ । आधुनिक उन्नत जातका बाख्रापालन र अन्य पशुपालन व्यवसायमा जोड दिन आवश्यक रकमको व्यवस्था गरेकी छु ।
- निजि, सार्वजनिक र सहकारीको माध्यमवाट स्थानीय अर्थतन्त्रको उन्नयन गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई छ । निजि क्षेत्रलाई प्रोत्साहन, सार्वजनिक क्षेत्रलाई क्षमतावान र सहकारी क्षेत्रलाई आकर्षण जस्ता विषयहरुलाई समेट्दै हाम्रो बजेट तथा कार्यक्रम बनेको हुँदा सबै क्षेत्रलाई समेट्ने गरी बजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।
- माहुरीका घार खरिद र वितरण, फलफुलका विरुवा वितरण, थोपा सिंचाई, च्याउको विउ वितरण, कागती विशेष कार्यक्रम, अन्न बाली बिऊ वितरण, बिदेशवाट फर्किएका युवाहरुको लागि लक्षित कार्यक्रम, प्लाष्टिक पोखरी निर्माण जस्ता गतिबिधिहरुको लागि कृषि कार्यक्रम केन्द्रित हुने छन् ।
- पशु सेवा तर्फ व्यवसायिक कृषकहरुको लागि गोठ सुधार, खोर सुधारको लागि अनुदानको व्यवस्था गरी हरेक र दक्ष, शीपयुक्त जनशक्तिलाई यस तर्फ आकर्षित गरी पूर्ण व्यावसायिक बनाउने गाउँपालिकाको सोंच रहेको छ । यस छत्रदेव गाउँपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउनको लागि बजेट विनियोजन गरेकी छु ।
- १०० प्रतिशत बोयर जातका बाख्राका पाठा-पाठी वितरण, उन्नत घाँस विउ वितरण, पशु औषधी खरिद, कृतिम गर्भाधान, विभिन्न तालिमहरु, खोप कार्यक्रम, कृषक पाठशाला, प्राकृतिक गर्भाधान,

सरोकारवालाहरुसँग अन्तरक्रिया, पशु स्वास्थ्य शिविर, डिफ्रिज खरिद लगायत क्रियाकलावहरुको लागि कृषि र पशु सम्बन्धी फरक-फरक कार्यक्रममा **रु. १ करोड १ लाख ९० हजार रुपैयाँ** विनियोजन गरेकी छु ।

- घरेलु उद्योगहरुलाई संरक्षण र सम्वर्द्धन गरी यिनीहरुलाई परिस्कृत गर्न प्रविधिको अनुशरण गरी जनजीविकालाई सहज बनाउनको लागि बजेटमा सम्वोधन गरिएको छ । आत्मनिर्भर गाउँपालिका बनाउने अभियानमा हाम्रो क्षेत्रमा विकास र सञ्चालन हुन सक्ने उद्योगको लागि सम्भाव्यताको खोजी हुनेछ । स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यमको स्थापनाका लागि बजेटमा सम्बोधन गरेको छु ।
- एक घर, एक व्यवसायिक फर्मको अवधारणा अनुरुप उद्यमी सिर्जना गर्न विशेष पहल गरिने छ । कृषि, पशु, लघु उद्यम जस्ता क्रियाकलापहरुलाई समन्वयात्मक ढंगले अगाडि बढाउँदै बसाई-सराईको तीव्र प्रबृत्तिलाई रोक्न **"पर्खनोस, हामी तपाईको लागि केही गर्दै छौं"** भन्ने भनाई सहित हाम्रा विकासका गतिविधिहरु संचालन हुनेछन् ।
- यसका लागि आगामी आ.व.मा खर्च गर्न उद्योग तथा वाणिज्य र **लघु, घरेलु तथा साना उद्यम विकास कार्यक्रम तर्फ रु. २५ लाख** विनियोजन गरेकी छु ।
- यस गाउँपालिका क्षेत्र भित्र प्राकृतिक, साँस्कृतिक, पुरातात्विक महत्वका सम्पदाहरु र विभिन्न देवी-देवताका मठमन्दिर, विभिन्न जात-जातिहरुको संगम स्थल भएकोले पर्यटनको प्रवर्द्धन र सञ्चालन हुन सक्ने सम्भावना छ । **"छत्रदेवको शान, सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान"** भन्ने हाम्रो नारालाई सार्थक तुल्याई यस गाउँपालिकालाई आन्तरिक पयर्टनको आकर्षक स्थल बनाइ पर्यटन प्रवर्द्धन गरी पर्यटनबाट प्राप्त आयको समन्यायिक वितरण गरी जनताको जीवन स्तरमा सुधार गर्नको लागि पर्यटन प्रबर्द्धन तर्फ **रु. २ लाख ५० हजार बजेट विनियोजन** गरेकी छु ।
- समग्र राष्ट्रले सहकारीलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भ मानेको वर्तमान अवस्थामा छत्रदेव गाउँपालिका भित्र छरिएको स-सानो पूँजीलाई गाउँपालिकाको समग्र विकासका लागि संकलन गर्ने, परिचालन गर्ने, नियमन र अनुगमनको व्यवस्था साथै सहकारीको माध्यमबाट आर्थिक सामाजिक विकास गरी समुदायमा आधारित ग्रामिण आत्मनिर्भर अर्थतन्त्रको अवलम्वनको लागि **रु. ५ लाख बजेट** व्यवस्था गरेकी छु ।

**सामाजिक विकास**

- **"युग सुहाउँदो शिक्षा: छत्रदेवको इच्छा"** शिक्षा व्यक्तित्व विकासको प्रमुख आधार जस्ता छत्रदेवका आफ्नै मौलिक नीतिलाई सार्थक तुल्याउन गत आ.व.बाट यस गाउँपालिका भित्रका हरेक विद्यालयमा अङ्ग्रेजी माध्यममा शुरु भएको कक्षा १ को शिक्षालाई क्रमश: स्तरोन्नती गर्दै जोने नीतिलाई व्यहारिक रुपान्तरण गर्न बजेटको व्यवस्था गरेकी छु । गाउँपालिका भित्रका विद्यालयहरुलाई व्यवस्थित तवरले सञ्चालन गर्न आर्थिक अवस्था कमजोर भएका विद्यालयहरुको पूर्वाधारहरुको विकासका लागि पुन:निर्माण प्राधिकरण मार्फत विभिन्न विद्यालयका भवनहरु बन्ने प्रतिबद्धता प्राप्त भएको छ ।
- बालविकास केन्द्रका सहजकर्ताहरुको प्रोत्साहन भत्ताको व्यवस्था गरेकी छु ।
- विद्यालयमा विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापमा जोड दिईने छ ।
- विद्यालयमा हरियाली प्रबर्द्धन गर्न पूर्वाधार निर्माण गर्दा ध्यान दिईने छ ।
- विद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको निम्ति आवश्यक प्रवन्ध मिलाईने छ ।
- विद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन"** लगायतका कार्यक्रमको लागि समेत वार्षिक नीति र कार्यक्रममा उल्लेख भएका कुराहरु यथाशक्य श्रोत साधनको आधारमा कार्यान्वयन गरिने छ ।
- शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक रकम व्यवस्था गरेको साथै शिक्षामा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरी समग्र शिक्षा क्षेत्रलाई गुणस्तरीय, प्रतिस्पर्धी र व्यावसायिक बनाउनको लागि शिक्षा क्षेत्रमा सशर्त अनुदानको अलावा **रु. ९९ लाख ४९ हजार रुपैयाँ** विनियोजन गरेकी छु ।

- आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकारको विषय भएकोले स्वास्थ्य सेवालाई हरेक नागरिकको पहुँचमा राख्न तथा यो सेवा सहज सरल र सर्वसुलभ रुपमा अनुभूत हुने गरी प्रत्याभूत तुल्याउन प्रत्येक स्वास्थ्य संस्थाहरुको सवलीकरणका लागि आवश्यक व्यवस्था गरेकी छु ।
- स्वास्थ्य संस्थाहरुमा जस्तोसुकै अवस्थामा पनि औषधीको नियमित आपूर्ती गर्नको लागि औषधी खरिदको लागि रकमको जोहो गरेको छु । स्वास्थ्य सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउनुका साथै स्वास्थ्य संस्थामा जनशक्तिको प्रर्याप्त व्यवस्था मिलाउनको लागि आवश्यक व्यवस्था गरेकी छु ।
- आयुर्वेद एवं प्राकृतिक चिकित्सा पद्धति प्रतिको धारणा विकास गर्न आयुर्वेद स्वस्थ्य शिविरको व्यवस्था गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरणसँगै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिएकी छु ।
- पोषण कार्यक्रमलाई आवश्यक बजेटको व्यवस्था गरेकी छु ।
- स्वास्थ्य संस्थामा उपकरण अभाव हुन नदिन सो को लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।
- आमा समूह र महिला स्वास्थ्य स्वयं सेविकाका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु समावेश गरिएका छन् ।
- हाम्रो स्वामित्वमा रहेका ३ वटा एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन् । बिरामीको सुबिधाको लागि यिनको उचित व्यवस्थापन गरिने छ । प्राथमिक स्वास्थ्य केन्द्र सुदृढीकरणका साथै अन्य स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्नुका साथै जनताको गुनासोलाई शून्य पार्ने प्रयास गरिने छ ।
- समग्र स्वास्थ्य सेवा तर्फ सशर्त वाहेक समानीकरण अनुदानबाट **रु. ६३ लाख २१ हजार ४ सय रुपैयाँ** विनियोजन गरेकी छु ।
- छत्रदेव गाउँपालिका शुद्ध र स्वस्थ खानेपानीको पहुँचमा अभाव भएको गाउँपालिका हो, हामी जनप्रतिनिधि निर्वाचित भए पश्चात यस गाउँपालिका क्षेत्रलाई सुख्खा ग्रस्त क्षेत्र घोषषा गरेकोमा संघीय सरकारबाट समेत स्वच्छ र स्वस्थ्य खानेपानीको प्रवन्ध गर्न चालु आ.व.मा केही रकमको विनियोजन गरिएको थियो ।
- संघ र प्रदेश सरकारको सहकार्यमा खानेपानीका गौरवका आयोजना सञ्चालन गर्न लागत साझेदारीको लागि यथेष्ठ बजेटको व्यवस्था गरेकी छु । यी लगानीहरुको समेतको आधारमा आगामी ५ वर्ष भित्रमा सत्प्रतिशत जनतालाई स्वच्छ खानेपानी र सरसफाईको व्यवस्था गर्ने गरी कार्यक्रम अगाडि बढाईने छ ।
- चालु आ.व.मा कार्यान्वयन सम्पन्न हुने आयोजनहरुवाट समेत **"एक घर, एक धारा"**को हाम्रो अभियानलाई टेवा पुग्ने छ भन्ने कुरा यस सम्मानित सभामा जानकारी गराउन पाउँदा खुशी लागेको छ ।
- चालु आ.व.मा भएको व्यवस्था बमोजिम लिफ्टिङ्ग खानेपानीका पर्याप्त पूर्वाधारहरु तयार भएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।
- यो वर्ष खानेपानीको समस्या समाधान गर्न छत्रदेव गाउँपालिकाले एक वडा एक लिफ्टिङ्ग खानेपानी आयोजनाको नीति लिइएकोमा उक्त नीतिलाई सार्थक रुप दिन बजेटको व्यवस्था गरेकी छु ।
- फोहरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साईट निर्माण सम्भाव्यता अध्ययन र पूर्बाधारको निम्ति बजेटको व्यवस्था गरेकी छु ।
- खानेपानीलाई सरसफाइसँग जोडेर स्वास्थ्य र पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन यसमा रु. **१ करोड २८ लाख ३० हजार रुपैयाँ** विनियोजन गरेकी छु ।
- समाज रुपान्तरणको प्रमुख पक्ष सामाजिक परिचालन र सामाजिक/साँस्कृतिक ऐक्यबद्धता भएकोले यस पक्षमा विशेष ध्यान दिईने छ ।
- परमपरागत सँस्कृती (लाखे, कालीका, सरायँ, रोपार, हाईदोष)हरुको उन्नयन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

- यो गाउँपालिका विविध संस्कृतीको संगम भएको गाउँपालिका हो, यहाँको समुदायमा विविध जात-जातिहरु विभिन्न धर्मावलम्वीको वासस्थान भएकोले सामाजिक साँस्कृतिक सदभाव, समन्वय र साझेदारीताको लागि चालु आ.व.मा नै केही कार्यक्रमहरु शुरु गरिएकोमा आगामी आ.व.मा पनि तिनीहरुलाई निरन्तरताको व्यवस्था गरेकी छु ।
- विविध देवी देवताका मन्दिरहरुको पूर्वाधार विकास गर्न केही रकम विनियोजन गरेको छु । छत्रदेवालयमा अघिल्लो आ.व.मा शुरु गरिएको सिंढी निर्माणको कार्य चालु आ.व.मा बोलपत्रको माध्यमद्वारा ठेक्का भई पुरा हुने अवस्थामा रहेको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन पाउँदा गौरवको महशुस गरेकी छु । यस मन्दिरमा नियमित पुजा पाठ हुने व्यवस्था गर्नको लागि व्यवस्थापकीय पक्ष सुधारको लागि आवश्यक प्रवन्ध गरिने छ ।
- त्यस्तै साँस्कृतिक क्षेत्रमा अन्य गौरव गर्न लायक कामहरु भएको हामीले महशुस गरेका छौं ।
- समग्र सँस्कृति प्रवर्द्धन गर्नको लागि यो क्षेत्रमा **रु. ७४ लाख ४० हजार रुपैयाँ** रकम विनियोजन गरेकी छु ।
- खेलकुद तथा मनोरञ्जन अन्तर्गत विभिन्न कार्यक्रमहरु जस्तै अध्यक्षकप खेलकूद प्रतियोगिता, वडास्तरीय क्रिकेट प्रतियोगिता साथै खेलकूद व्यवस्थापन समेतका लागि **रु. ४६ लाख २५ हजार** विनियोजन गरेकी छु ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई आवश्यक बजेट सहित निरन्तरता दिएकी छु ।
- विभिन्न शीपमुलक तालिम, अभिमुखीकरण कार्यक्रम, अन्तरपुस्ता अन्तरक्रिया कार्यक्रम, जातीय भेदभाव बिरुद्ध कानूनी सचेतना कार्यक्रम, मुस्लिम समुदायको लागि बाजा खरिद, कुमाल समुदायलाई माटोका भाँडा बनाउन आवश्यक सहयोग, बेपत्ता श्रीमान् एकल महिला राहत कार्यक्रम, दलित उद्यमशिलता विकास कार्यक्रम लगायतका गतिबिधिको लागि विशेष प्राथमिकता दिंदै पर्याप्त बजेटको व्यवस्था गरेको छु । वित्तीय समानीकरण तर्फ यस शिर्षक अन्तर्गत **रु. ५९ लाख बजेट ७५ हजार** विनियोजन गरेकी छु ।

**पुर्वाधार विकास**

- पुर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडकहरु पुल तथा झोलुङ्गे पुल निर्माणको लागि **रु. १ करोड ३० लाख ४० हजार रुपैयाँ** विनियोजन गरेकी छु ।
- त्यसै गरी सिँचाइ आयोजनाहरुको लागि **रु. ५ लाख ९५ हजार** विनियोजन गरेकी छु ।
- गाउँपालिकाको क्षेत्र भित्र भवन तथा शहरी विकासको लागि **रु. १ करोड ७० लाख ७९ हजार ४ सय २६ रुपैयाँ** विनियोजन गरेकी छु । यस अन्तर्गत यस गाउँपालिका भित्रका वास्तविक सुकुम्वासीहरुको पहिचान गरी उनीहरुलाई वासको व्यवस्था गर्नको लागि जनता आवास कार्यक्रम अन्तर्गत गत वर्ष छुट्ट्याईएको **रु. ४० लाख** जग्गा प्राप्तिको प्रक्रियामा रहेको सन्दर्भमा चालु आ.व.मा गरिव विपन्न वर्गको लागि भवन निर्माण गर्न **रु. ४० लाख विनियोजन** गरेकी छु ।
- त्यसैगरी उर्जा तथा साना जलविद्युत क्षेत्रको लागि **रु. ३३ लाख रुपैयाँ** विनियोजन गरेकी छु । त्यसै गरी बैकल्पिक उर्जा तर्फ वायु उर्जाको सम्भाव्यता अध्ययन गर्न **रु. २५ लाख** विनियोजन गरेकी छु ।
- त्यसै गरी सञ्चार क्षेत्रको विकासको लागि **रु. २ लाख रुपैयाँ** विनियोजन गरेकी छु ।

**वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत वन तथा भू-संरक्षण क्षेत्र तर्फ **रु. २६ लाख रुपैयाँ** विनियोजन गरेकी छु ।
- फोहोरमैला तथा ढल व्यवस्थापन क्षेत्र तर्फ **रु. ५ लाख ५० हजार** विनियोजन गरेकी छु ।
- त्यसै गरी जलउत्पन्न प्रकोप नियन्त्रण अन्तर्गत यस गाउँपालिकाको जलउत्पन्न प्रकोप नियन्त्रणको लागि तारजाली खरिद गर्न **रु. १५ लाख रुपैयाँ** विनियोजन गरेकी छु ।

- त्यसैगरी गाउँपालिका क्षेत्र भित्र आउने प्राकृतिक तथा मानव सृर्जित विपद् व्यवस्थापनका लागि गत विगत आ.व.हरुमा शुरु गरिएको विपद् व्यवस्थापन कोषलाई यस वर्ष **रु. ५ लाख बजेट व्यवस्था** सहित निरन्तरता दिईएको छ ।

**न्यायिक समिति व्यवस्थापन**

- आगामी आ.व. २०७६/०७७ को न्यायिक समिति व्यवस्थापन अन्तर्गत ईजलास निर्माण र सहजकर्ता तालिम लगायतको कार्यका लागि **रु. १२ लाख बिनियोजन** गरेकी छु ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

- सार्वजनिक प्रशासनलाई मर्यादित र अनुशाशित बनाई जनताका काम कारबाहीलाई चुस्त र दुरुस्त पारिने छ ।
- **"मुस्कान सहितको सेवा प्रवाह"** लाई मूर्त रुप दिईने छ । प्रशासनमा ढिला सुस्ती र काम पन्छाउने प्रबृत्तिलाई निरुत्साहित गरिने छ ।
- गाउँपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालयहरुबाट प्रदान गरिने सेवालाई समयको माग अनुरुप सेवाग्राही सन्तुष्टी प्रक्रियासँग आबद्ध गरिने छ ।
- सेवाग्राहीलाई सम्मान पूर्वक सेवा प्राप्त गर्ने हक स्थापित गरिने छ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।
- कार्यालयको कामलाई सूचना प्रविधि मैत्री बनाई पछिल्लो प्रविधिको प्रयोगलाई विशेष प्राथमिकता दिईने छ । वार्षिक कार्यक्रम तथा बजेट, पुस्तिका प्रकाशन, जानकारीमूलक प्रकाशनहरु, स्थानीय पत्रपत्रिका, वेवसाईट अद्यावधिक, एफ.एम. मार्फत गतिविधिहरु सार्वजनिकीकरण, कार्यालयका गतिविधिहरुलाई चौमासिक समीक्षा गोष्ठी, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, कार्यालयमा सूचना पाटी, हेल्प डेस्कको व्यवस्था लगायतका सुशासनसँग सम्वन्धित कुराहरुलाई प्रभावकारी बनाउन पर्याप्त बजेटको व्यवस्था गरेकी छु ।
- गाउँपालिकाको वृत्तचित्र निर्माण, अभिलेख व्यवस्थापन जस्ता पक्षहरुमा पर्याप्त बजेटको व्यवस्था गरेकी छु ।
- नागरिक वडापत्रको पूर्ण कार्यान्वयन र सुशासन प्रबर्धनमा विशेष प्राथमिकता दिईने छ ।
- छत्रदेव गाउँपालिका भित्रका बाँकी रहेका विद्यालय र स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी राख्ने कामलाई प्राथमिकता दिईने छ ।
- सार्वजनिक प्रशासन सञ्चालन तर्फ चालु कार्यक्रम अन्तर्गत **रु. ५ करोड २२ लाख ८० हजार** बजेट बिनियोजन गरेकी छु ।
- सुरक्षा व्यवस्थापन क्षेत्र तर्फ **रु. १० लाख रुपैयाँ** विनियोजन गरेकी छु ।
- सूचना प्रविधि क्षेत्र तर्फ **रु. ९ लाख ५० हजार रुपैयाँ** विनियोजन गरेकी छु ।
- पञ्जीकरण व्यवस्थापनको लागि **रु. २ लाख रुपैयाँ** विनियोजन गरेकी छु ।
- सुशासन प्रवर्द्धनका लागि **रु. ६ लाख रुपैयाँ** विनियोजन गरेकी छु ।
- त्यसैगरी अन्य वर्गीकृत नभएको शीर्षक अन्तर्गत फर्निचर मेशिनरी औजार र सवारी साधनको लागि **रु. ४७ लाख रुपैयाँ विनियोजन** गरेकी छु ।
- त्यसै गरी अन्य शीर्षक र समपुरक कार्यक्रम (लागत साझेदारी समेत) अन्तर्गत **रु. १ करोड १५ लाख रुपैयाँ** विनियोजन गरेकी छु । यस अन्तर्गत संघीय सरकार प्रदेश सरकार तथा विभिन्न सरकारी निकायहरुसँगको साझेदारीमा विकास योजनाहरु सञ्चालन गर्नको लागि **रु. ३ करोड** समपुरक कार्यक्रमको व्यवस्था गरेकी छु । आकस्मिक मर्मत संभारका लागि मर्मत संभार कोषबाट खर्च गर्नका लागि **रु. १० लाखको मर्मत कोष** र स्थानीय तहमा रहेका साविक स्थानीय निकायबाट स्थायी भई कामकाज गरेका कर्मचारीहरुको सेवा सुविधाका लागि चालु **रु. ४ लाखको कर्मचारी कल्याण कोषको व्यवस्था** गरेकी छु । यस गाउँपालिका भित्र सामाजिक परिचालनको माध्ययमबाट जनतालाई प्रत्यक्ष रुपमा देख्न, छाम्न र अनुभूत गर्न पाउने स्थानीय

सरकारको आभाष दिलाउनको लागि **सामाजिक परिचालनको क्षेत्रमा रु. १२ लाख रुपैयाँ** विनियोजन गरेकी छु ।

- यसै सम्मानित सभा समक्ष **मिति २०७६ आषाढ ०७ गते** पेश भएको नीति तथा कार्यक्रम नै हाम्रो आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रमको मुख्य आधार भएकोले नीति तथा कार्यक्रममा उल्लेख भई छुट हुन गएका कतिपय विषयहरु यसै बजेट तथा कार्यक्रममा समाबेश गरी कार्यान्वयन गरिने व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।
- त्यसै गरी आ.व. २०७४/७५ को यथार्थ, आ.व. २०७५/७६ को संशोधित र आ.व. २०७६/७७ को अनुमानित विवरण देखिने गरी विभिन्न अनुसुचीहरुमा प्रस्तुत गरेकी छु । जस अनुसार **अनुसूची-१** मा आय व्ययको विवरण, **अनुसूची-२** मा राजश्व तथा अनुदान प्राप्तिको विवरण, **अनुसूची-३** मा चालू तथा पूँजीगत खर्चको खर्च शीर्षक अनुसार व्यय अनुमान र **अनुसूची-५** मा कार्यक्षेत्रगत व्यय अनुमान पेश गरेकी छु ।

**सभाध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**
**उपस्थित महानुभावहरु,**
**अन्त्यमा,**

छत्रदेव गाउँपालिकाको विकास निर्माण लगायत हरेक गतिबिधिहरुमा सक्रिय सहभागी भई आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट बनाउन सहयोग पुर्‍याउनुहुने गाउँ सभा पदाधिकारीहरु, सबै राजनीतिक दलहरु, विकास प्रेमी महानुभावहरु, समाजसेवी, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरु, विभिन्न तह र तप्काका महानुभावहरु, हाम्रो आतिथ्यतालाई स्वीकार गरेर नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा अमूल्य राय सुझाव प्रदान गरेर राय सुझाव प्रदान गरी सहयोग गर्नु हुने संघ, संस्था र व्यक्तिहरु, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारीज्यूहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पूर्ण विषयगत समितिका पदाधिकारीज्युहरु, वस्ती स्तरीय भेला देखि सहभागी भई आयोजना/कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, वार्षिक, नीति, कार्यक्रम र बजेट निर्माण प्रकृयामा अहोरात्र खटी रहनुभएका प्रमूख प्रशासकीय अधिकृत र विभिन्न शाखाहरुमा खटीईरहनु भएका कर्मचारी मित्रहरु लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै छत्रदेवको समष्टीगत विकासका लागि सहयोग पुर्‍याउने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, दातृ निकायहरु, निजि क्षेत्र, बुद्धिजिवि, पत्रकार र सम्पूर्ण नागरिकहरु प्रति धन्यबाद दिँदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गर्दै प्रस्तुत बजेट तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेकी छु ।

**जय छत्रदेव !**

**तुल्सी देवी श्रेष्ठ**
**उपाध्यक्ष**
**छत्रदेव गाउँपालिका,**
**छत्रगञ्ज - अर्घाखाँची**